हरिवन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही,

मधेश प्रदेश, नेपाल

## फोहोर मैला व्यवस्थापनका लागि शिलबन्दी प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०२/३१)**

हरिवन नगरपालिका क्षेत्रभित्र उत्पादित फोहोर मैला व्यवस्थापन कार्य सार्वजनिक निजी साझेदारीको अवधारणामा गर्नुपर्ने भएकोले इच्छुक कम्पनी, संस्था वा फर्महरुबाट तपसिलमा उल्लिखित शर्तहरुको पालना गर्ने गरी तथा नगरपालिकाबाट उपलब्ध हुने प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा बमोजिम यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा भएमा सोको भोलिपल्ट) हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हरिवन, सर्लाहीमा सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावसहित दरखास्त गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. प्रस्तावसाथ फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरणको प्रमाणपत्रको छायाँप्रति, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको छायाँप्रति, स्थायी लेखा नम्वर वा मूल्य अभिबृद्धि कर दर्ता भएको प्रमाणपत्रको छायाँप्रति, फर्म वा संस्थाको विधान, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको छायाँप्रति आदि आवश्यक कागजातहरु संलग्न हुनु पर्नेछ ।

२. आर्थिक वर्ष २०७९/८० को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति ।

३. प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा र प्रस्तावित कार्यको बजेट विवरण यस कार्यालयको प्रशासन शाखाबाट १५ औ दिन भित्र दिउसो ०२:०० बजे भित्र राजश्व शाखामा रु. ३,०००/- (तीन हजार) तिरी खरिद गर्न सकिने छ ।

४. यस सूचनामा उल्लेख नभएको कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

५. कुनै पनि प्रस्ताव बिनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार हरिवन नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

६. माथि उल्लिखित बेहोरामा कुनै कुरा छुट भएको विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

**हरिवन नगरपालिका**